# सुदूरपश्चिम प्रदेशमा भाषिक प्रयोगको अवस्था

[1] **महेन्द्र न्यौपाने**
ORCH ID : https://orcid.org/0009-0008-9514-3034
[2] **राजेन्द्र खनाल**
Corresponding author: rajendra.khanal@cded.tu.edu.np
ORCH ID : https://orcid.org/0009-0002-1882-1192
[3] **हर्कबहादुर शाही**
ORCH ID : https://orcid.org/0009-0007-4068-3175
[1]शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), त्रि.वि., काठमाडौं
[2]शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर
[3]अनुसन्धान निर्देशनालय, त्रि. वि., कीर्तिपुर

Received: October 5, 2024
Revised: November 13, 2024
Accepted: December 12, 2024,
Published: December 25, 2024
DOI: https://doi.org/10.3126/sss.v24i1.75389

## लेखसार

भाषा तथा भाषिक भेदका विविधता तथा तिनको प्रयोगावस्थाका बारेमा तथ्यपरक खोज विश्लेषण गरी तिनको संरक्षण तथा सम्वर्धन गर्दै संस्कृति र सामाजिक मान्यताको पनि प्रवर्धन गर्नु आवश्यक छ। प्रस्तुत लेखको प्रमुख उद्देश्य सुदूरपश्चिम प्रदेशमा प्रयोगमा रहेका भाषाको अवस्था उल्लेख गरी वर्गीकरण गर्नु हो । परिमाणात्मक ढाँचामा तयार पारिएको यस लेखको प्रस्तुति वर्णनात्मक प्रकृतिको छ । यस लेखमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट भाषिक तथ्याङ्क मुख्य सामग्री बनेका छन् । त्यस्तै भाषा आयोग एवम् सम्बद्ध विभिन्न स्रोत सामग्रीबाट समेत सूचना सङ्कलन गरिएको छ । प्रस्तुतिलाई सरल एवम् बोधगम्य बनाउन तथ्यलाई तालिका तथा चित्रमा प्रस्तुत गरी वर्णन गरिएको छ । सुदूरपश्चिम प्रदेशमा ७२ ओटा भाषा प्रयोगमा रहेको पाइएको छ। उक्त प्रदेशमा पाँच भाषाका वक्ता एक लाखभन्दा बढी सङ्ख्यामा रहेका छन् । दश हजारदेखि एक लाखसम्म वक्तासङ्ख्या भएका भाषाको सङ्ख्या छओटा र दश हजारभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरू ६१ ओटा रहेका छन् । उक्त प्रदेशमा नेपालीबाहेकका अधिकांश मातृभाषी वक्ताले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा उपयोग गर्दछन् । सुदूरपश्चिम प्रदेशमा ५१ भाषाहरू दोस्रो भाषाको रूपमा प्रयोग भएको पाइन्छ। उक्त प्रदेशमा प्रचलित कुल ७४ पुर्खाका भाषामध्ये डोटेली, बैतडेली,

थारू, अछामी, बभ्फाङी, नेपाली, दार्चुलेली, बाजुरेली भाषालाई पुर्खाको भाषाका रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या एक लाखभन्दा बढी रहेको छ । सुदूरपश्चिम प्रदेशमा भारोपेली भाषापरिवार, चिनियाँतिब्बती भाषापरिवार र द्रबिडेली भाषापरिवार गरी तीनओटा भाषापरिवारका भाषाहरू बोलिन्छन् । यस प्रदेशमा भारोपेली भाषापरिवारका वक्ताको बाहुल्य छ । निर्दिष्ट प्रदेशका कैलाली जिल्लामा ५४ र बैतडी जिल्लामा १५ भाषा मात्र प्रयोगमा छन् । सुदूरपश्चिम प्रदेशका कुनै पालिकामा दुईओटा र कुनै पालिकामा ३७ ओटासम्म मातृभाषा प्रयोगमा छन् । सुदूरपश्चिम प्रदेश भाषिक विविधताको सङ्गम भएकाले उक्त क्षेत्रमा रहेका भाषाको संरक्षण तथा संवर्धन आवश्यक देखिन्छ ।

**शब्दकुञ्जी :** मातृभाषा, दोस्रोभाषा, भाषिक प्रयोग, भाषिक विविधता, भाषापरिवार

## परिचय

सुदूरपश्चिम प्रदेश नेपालको सबैभन्दा पश्चिममा अवस्थित प्रदेश हो । नेपालका संविधान, २०७२ ले नेपाललाई सङ्घीय शासनव्यवस्था अनुकूल पुनर्संरचना गर्ने क्रममा साविकका महाकाली अञ्चलका ४ ओटा जिल्ला र सेती अञ्चलका ५ ओटा जिल्लालाई सुदूरपश्चिम प्रदेशका रूपमा कायम गरिएको हो । तीन जिल्ला (दार्चुला, बभ्फाङ र बाजुरा) हिमाली हिमालमा, चार जिल्ला (डोटी, डडेल्धुरा, अछाम र बैतडी) पहाडमा र २ जिल्ला (कैलाली र कञ्चनपुर) तराईमा पर्ने (नेपाल सरकार, २०७४) यो प्रदेश भौगोलिक रूपमा विविधतामय छ । पूर्वमा नेपालको कर्णाली प्रदेश, पश्चिम र दक्षिणमा भारत तथा उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र कर्णाली प्रदेशको हुम्ला जिल्ला (सुदूरपश्चिम प्रदेश सरकार, २०८१) रहेका छन् । ९ जिल्लाका १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्म ८८ स्थानीय तह रहेको यो प्रदेश, चमेलिया, बुढीगङ्गा दारगंगाजस्ता नदीहरू, घोडाघोडी ताल (विश्वसम्पदा सूचीमा सूचीकृत सिमसार क्षेत्र, खप्तड, बडिमालिका, रामारोशन जस्ता अनेकौं प्राकृतिक, धार्मिक र पर्यटकीय स्थलहरू रहेका छन् (सुदूरपश्चिम प्रदेश सरकार, २०८१) । यसरी विविध जातजाति, सांस्कृतिक र भाषिक विविधता समेत यस प्रदेशको विशेषता हो ।

भौगोलिक विविधता सुदूरपश्चिम प्रदेशको एक महत्वपूर्ण विशेषता बनेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार यस प्रदेशमा ७२ ओटा मातृभाषा बोलिन्छन् (केन्द्रीय तथ्याङ्क कार्यालय, २०८०) । यसबाहेक पनि नखुलेका भाषा र अन्य भाषाअन्तर्गत केही वक्ताहरूलाई समावेश गरेको छ । सुदूरपश्चिम प्रदेशमा प्रचलित भाषाहरूमध्ये केही भाषाहरूको मूल थलोसमेत यसै प्रदेशमा रहेको पाइन्छ भने केही भाषाहरूको मूल थलो यस प्रदेशभन्दा बाहिर रहेको पाइन्छ । मूलतः सुदूरपश्चिम प्रदेश नै मूल थलो भएका भाषाहरूमा डोटेली, बैतडेली, अछामी, बभ्फाङ्गी, दार्चुलेली, डडेल्धुरी, दैलेखी, जुम्ली, खस, राउटे, ब्याँसी लगायतका भाषाहरू रहेका छन् । सुदूरपश्चिम प्रदेश मूल थलो भएका धेरै भाषाहरू विगतमा नेपाली भाषाका भाषिकाका रूपमा प्रचलित रही वि.सं. २०६८ को जनगणनाबाट भाषाको मान्यता पाएका भाषाहरू रहेका छन् । त्यस्तै कतिपय भाषाहरू सुदूरपश्चिम प्रदेश मूल थलो नभई त्यहाँसमेत प्रचलनमा रहेका भाषाहरू रहेका छन् ।

नेपालमा प्रचलित भाषाहरूको सङ्ख्यामा निरन्तर परिवर्तन देखिएजस्तै सुदूरपश्चिम प्रदेशमा प्रचलित भाषाहरूको सङ्ख्यामा पनि निरन्तर परिवर्तन देखिन्छ । २०६८ सालको जनगणनाले यस प्रदेशमा ८३

भाषा प्रचलनमा आएको देखाएको थियो भने २०७८ सालको जनगणनाले ७२ भाषाहरूको प्रयोगावस्था रहेको जनाएको छ ।

भाषा आयोगले सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू, २०७८ मा सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिस, २०८० सन्दर्भमा यस प्रदेशका डोट्याली र थारू भाषालाई सरकारी कामजकाको भाषाको रूपमा सिफारि गरेको छ । यस्तै प्रदेशमा भाषाको स्तरगत योजना निर्माणको क्रममा रहेका बैतडेली, अछामी र बझाङी भाषालाई सरकारी कामकाजका भाषाका रूपमा विस्तार गर्न निश्चित कार्य र क्षेत्रका लागि सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी सिफारिस गरिएको छ (भाषा आयोग, २०७८) ।

विगतमा नेपाली भाषाका भाषिकाका रूपमा रहेर हाल भाषाको मान्यता पाएका अन्य भाषाहरूको बोधगम्यताको अवस्था कस्तो छ ? तिनीहरूका बिचमै पनि बोधगम्यताको अवस्था कस्तो छ ? भाषाको मान्यता प्रदान गर्नुअघि खोजिनुपर्ने यस्ता प्रश्नको उत्तरका लागि गहन भाषावैज्ञानिक अध्ययन आवश्यक हुन्छ । भाषा तथा भाषिक भेदका विविधता तथा तिनको प्रयोगावस्थाका बारेमा तथ्यपरक खोज विश्लेषण गरिएमा भाषाको संरक्षण तथा संबर्धन मात्र होइन संस्कृति र सामाजिक मान्यताको पनि प्रवर्धन हुने भएकाले तदनुकूलका अध्ययन विश्लेषण आवश्यकीय हुन्छन् । शिक्षा, सञ्चार, स्वास्थ्य एवम् जीवनशैलीमा पनि भाषिक पक्षको उपयोगिता तथा प्रभाव हुने भएकाले सम्बन्धित भौगोलिक क्षेत्रमा भाषाको प्रयोगावस्था निर्क्योल गर्नु सान्दर्भिक देखिएकाले प्रस्तुत लेख तयार पारिएको हो ।

## उद्देश्य

प्रस्तुत लेखको प्रमुख उद्देश्य सुदूरपश्चिम प्रदेशमा प्रयोगमा रहेका भाषाको अवस्था उल्लेख गरी वर्गीकरण गर्नु हो । यसका विशिष्ट उद्देश्यअन्तर्गत उक्त प्रदेशमा प्रयोगमा रहेका मातृभाषा तथा दोस्रोभाषाको सङ्ख्या र तिनका वक्ता प्रस्तुत गर्नु हो । त्यसैगरी निर्दिष्ट प्रदेशका भाषामा रहेका स्रोतगत एवम् परिवारगत विविधता प्रस्तुत गर्नुका साथै उक्त प्रदेशमा प्रयोगमा रहेका भाषाहरूको जिल्लागत एवम् पालिकागत प्रयोग र भाषिक वितरणको अवस्था उल्लेख गर्नु पनि यस लेखको विशिष्ट उद्देश्य हुन् ।

## सैद्धान्तिक सन्दर्भ र भाषाको अध्ययन

सुदूरपश्चिम प्रदेशमा प्रचलित भाषाहरूमा विभिन्न अध्ययन अनुसन्धानहरू भएका छन् । विगतदेखि हालसम्म भएका विभिन्न स्तरका अध्ययनहरूले सुदूरपश्चिमका भाषाहरूका बारेमा विभिन्न तथ्य सार्वजनिक गर्नाका साथै ती भाषाको संरक्षण र संवर्द्धनमा समेत योगदान पुऱ्याएका छन् । विगतमा नेपाली भाषाका भाषिकका रूपमा रही हाल छुट्टै भाषाका मान्यता पाएका भाषाहरूसमेत सुदूरपश्चिममा रहेकाले नेपाली भाषाका भाषिकाका नामबाट नै धेरै अध्ययनहरू भएका छन् । यसर्थ सुदूरपश्चिम प्रदेशका भाषाका बारेमा गरिएको अध्ययन तथा खोजका सन्दर्भमा अन्य भाषाका अतिरिक्त नेपाली भाषाका भाषिकाहरूको अध्ययनसम्म पुग्नुपर्ने हुन्छ । यस सन्दर्भमा नेपाली भाषाको अध्ययनको विकासक्रममा सुरुवाती कार्य गर्ने विदेशी विद्वान्हरू जोन बिम्स (सन् १८६७), जी.ए. ग्रियर्सन (सन् १९१६), साङ्कृत्यायन (सन् १९६०) ले गरेका भाषिक अध्ययन र नेपाली भाषाको वर्गीकरणका सन्दर्भमा सुदूरपश्चिका भाषिक भेद पहिचानको

कार्यलाई पृष्ठभूमिका रूपमा लिन सकिन्छ । पोखरेल (२०३१) ले नेपाली भाषाका पूर्वेली वर्ग, माझाली वर्ग, ओरपश्चिमा वर्ग र परपश्चिमा वर्ग गरी पाँच भाषिकाको चर्चा गरेका छन् । उनले चर्चा गरेका ओरपश्चिमा र परपश्चिमा वर्गमा पर्ने नेपाली भाषाका भाषिकाहरू हाल सुदूरपश्चिकमा भाषाहरूअन्तर्गत पर्दछन् । तत्कालीन समयमा नेपाली भाषाका भाषिकाका रूपमा रहेका सन्दर्भमा भाषिका निर्धारणका सन्दर्भमा धेरै विद्वान्हरूले विभिन्न अध्ययनहरू गरेका छन् । तिमिल्सिना (२०५०) ले सङ्ख्या र सार्वनामिक शब्दका सातओटा, निरौला (२०५०) ले क्रियाको रूपतत्वका आधारमा १३ भाषिका, सुवेदी (२०५१) ले वाक्यतत्वका आधारमा १७ ओटा, आचार्य (२०५३) ले उच्चारणका आधारमा १३ भाषिका, ढुङ्गाना (२०५३) ले आधारभूत शब्दावलीका आधारमा १३ भाषिका तथा निरौला (२०७२) ले ध्वनिताŒवक, रूपतात्विक र वाक्यतात्विक आधारमा ११ भाषिका निर्धारण गरेका छन् । नेपाली भाषाका भाषिका निर्धारणका सम्बन्धमा भएका अध्ययनहरूमा एकरूपता पाइँदैन । क्षेत्रभ्रमण नै नगरी गरिएका, सूचक छनोटमा सावधानी नअपनाइएको साथै संस्थागत र गहन अध्ययन नभई व्यक्तिगत रूपमा सीमित स्रोतसाधान र ज्ञानका आधारमा गरिएको अध्ययनका कारण फरक फरक नतिजा आएको छ । यसबिचमा २०६८ सालको जनगणनाले नेपाली भाषाका भाषिकाका रूपमा प्रचलित रहेका खस, अछामी, डोटेली, बैतडेली, बझाङी, डोल्पाली, जुम्ली, डडेल्धुरी, दैलेखी, बाजुरेली र दार्चुलेलीलाई भाषिक मान्यता प्रदान गरेपछि अध्ययनको सन्दर्भ परिवर्तन भएको छ । यस परिप्रेक्ष्यमा शाही (२०७०) ले सुदूरपश्चिमका विगतमा नेपाली भाषाको मातृभाषाका रूपमा रहेको अछामी भाषासँग नेपाली भाषासँगको बोधगम्यताको स्तर परीक्षण गर्न कम्प्युटिस्नल लिङ्ग्विस्टिक्सअन्तर्गत वर्डसर्भ सफ्टवयरमा त्रिवि, भाषाविज्ञान केन्द्रीय विभागले निर्धारण गरेका २१० आधारभूत शब्दसूचीको माध्यमबाट समानता र भिन्नताको परीक्षण गर्दा ४४ प्रतिशत मात्रै बोधगम्य रहेको निष्कर्ष निस्केको थियो । भाटिया (सन् १९७३) ले ५० प्रतिशत र बेर्गम्यान (सन् १९९०) ले ७० प्रतिशत र ब्लेयर (सन् १९९७) ले साठी प्रतिशत र सोभन्दा बढी बोधगम्यता भएमा ती दुई फरक फरक भाषा नभई एउटै भाषा हुनुपर्ने मान्यता प्रस्तुत गरेका छन् ।

अनुसन्धानात्मक कार्यहरूमा विद्यावारिधि, दर्शनाचार्य, स्नातकोत्तर उपाधि प्रयोजनका साथै विभिन्न निकायबाट गरिने लघु अनुसन्धानका साथै वैयत्तिक प्रयासमा भएका अध्ययनहरू रहेका छन् । विद्यावारिधि उपाधिका लागि गरिएका खगेन्द्रप्रसाद उपाध्यायको अछामी भाषिका र नेपाली भाषाको व्यतिरेकी अध्ययन (२०७२), लक्ष्मीराज पण्डितको बझाङ्गी नेपालीको अध्ययन (२०६९), हर्कबहादुर शाहीको अछामी भाषाको अध्ययन (२०७०), चुडामणि पाण्डेयको बैतडेली भाषाको अध्ययन (२०७२) जस्ता शोध अध्ययनहरू विशेष उल्लेखनीय छन् । स्नातकोत्तर तहको उपाधिका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभागअन्गर्ततको नेपाली भाषाशिक्षा विभागलगायत देशैभरिका विभिन्न क्याम्पसहरूबाट विभिन्न शीर्षकमा शोधकार्य सम्पन्न भएका छन् । नेपाली भाषासँग सुदूरपश्चिमका विभिन्न भाषिका र भाषासँगको व्यतिरेकी अध्ययन तथा त्यस प्रदेशमा प्रचलित भाषाहरूको अध्ययनका साथै शब्द, उखान, टुक्का सङ्कलनजस्ता कार्यमा यी अध्ययनहरूले योगदान दिइएको पाइन्छ । वर्तमान समयमा उक्त क्षेत्रमा प्रयोगमा रहेका भाषा, तिनका मातृभाषागत एवम् दोस्रोभाषागत विविधता, पालिकागत वितरण एवम् स्रोतगत तथा भाषापरिवारगत विविधताको यकिन तथ्यसहित बोधगम्य प्रस्तुति यस लेखमा गरिएकाले प्रस्तुत लेखको औचित्य देखिन्छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख परिमाणात्मक ढाँचामा तयार पारिएको छ । प्रस्तुतिमा वर्णनात्मक विधिको उपयोग गरिएको यस लेखमा आधारित छ । द्वितीयक स्रोत उपयोग भएको प्रस्तुत लेखमा नेपालको राष्ट्रिय तथ्याङ्क कार्यालयको आधिकारिक वेबसाइटबाट भाषिक तथ्याङ्क प्राप्त गरिएको छ । भाषा आयोग एवम् सम्बद्ध विभिन्न स्रोत सामग्रीबाट सूचना सङ्कलन गरी लेख तयार पारिएको छ। प्रस्तुतिलाई सरल एवम् बोधगम्य बनाउनका लागि निर्दिष्ट क्षेत्रमा प्रयोगमा रहेका मातृभाषा, दोस्रोभाषा, स्रोतगत एवम् भाषापरिवारगत विविधताका तथ्यलाई तालिकामा देखाई वर्णनसमेत गरिएको छ भने भाषिक वितरणको अवस्थालाई जिल्लागत एवम् पालिकागत आधार वर्गीकरण गरी चित्रमा प्रस्तुत गरी वर्णन गरिएको छ ।

## प्राप्ति र छलफल

सुदूरपश्चिम प्रदेशको भाषिक विविधताको अवस्थालाई प्राप्ति र छलफल शीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ । यहाँ सुदूरपश्चिम प्रदेशको भाषिक प्रयोगावस्थाका सम्बन्धमा गरिएको अध्ययनका प्राप्तिलाई मातृभाषागत विविधता, दोस्रो भाषागत विविधता, पुर्खाको भाषागत विविधता, भाषापरिवारगत विविधता, जिल्लागत भाषिक वितरण र पालिकागत भाषिक वितरणजस्ता उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

## मातृभाषागत विविधता

सुदूरपश्चिम मातृभाषष्कि वक्ताका दृष्टिले भाषिक विविधतायुक्त प्रदेश हो । वि.सं. २०७८ को जनगणना अनुसार यस प्रदेशमा ७२ ओटा भाषा प्रयोगमा छन् । यस प्रदेशमा ११,४३, ५६२ (प्रदेशको कुल जनसङ्ख्याको ४२.४४) वक्ता भएको नेपाली भाषादेखि जम्मा १० जना वक्तासङ्ख्या भएको दनुवार भाषासमेत प्रचलित रहेका छन् । यस प्रदेशको भाषिक विविधताको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका** १ :

मातृभाषा र तिनका वक्तासङ्ख्या

| क्र.सं | भाषा | प्रयोक्ता | क्र.सं | भाषा | प्रयोक्ता | क्र.सं | भाषा | प्रयोक्ता |
|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाली | ११४३५६२ | २६. | धुलेली | ७३४ | ५१ | ल्होपा | ७४ |
| २. | डोटेली | ४८६८६८ | २७. | संस्कृत | ७२२ | ५२ | वाहिङ⁄वायुङ | ६८ |
| ३. | थारू | ३९८९१४ | २८. | राई | ४३० | ५३ | बज्जिका | ६६ |
| ४. | बैतडेली | १५१५७१ | २९. | मुसलमान | ४२२ | ५४ | दुरा | ६१ |
| ५. | अछामी | १३८४७४ | ३०. | खाम्ची (राउटे | ४१७ | ५५ | कोचे | ५७ |
| ६. | बझाङ्गी | ९९३३४ | ३१ | उर्दू | २९२ | ५६ | भुजेल | ५४ |
| ७. | राना थारू | ७७७२७ | ३२. | कुमाल | २६९ | ५७ | चाम्लिङ | ३८ |
| ८. | बाजुरेली | ५६३९६ | ३३. | पहरी | १९३ | ५८ | थकाली | ३५ |
| ९. | दार्चुलेली | ४५५६२ | ३४. | सोनाहा | १८६ | ५९ | मेवाहाङ | ३४ |
| १०. | डडेल्धुरी | २१२८९ | ३५. | साङ्केतिक भाषा | १३४ | ६० | बेल्हारे | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | मगर ढुट | १७३२६ | ३६. | पञ्जाबी | १३० | ६१ | थामी | १९ |
| १२. | मगर खाम | ९१५६ | ३७. | बङ्गला | १२९ | ६२ | बान्तवा | १८ |
| १३. | तामाङ | ७८३७ | ३८. | मगर काइके | १२९ | ६३ | दुमी | १७ |
| १४. | हिन्दी | ७७९० | ३९. | याक्थुङ/लिम्बु | १२८ | ६४ | घले | १५ |
| १५. | मैथिली | ४६३५ | ४०. | तिब्बती | १२५ | ६५ | गनगाई | १५ |
| १६. | दैलेखी | ३९७१ | ४१. | माझी | १२३ | ६६ | लोहोरुङ | १४ |
| १७. | अवधी | ३२४१ | ४२. | राजवंशी | ११८ | ६७ | साम्पाङ | १३ |
| १८. | जुम्ली | २६८८ | ४३. | मुगाली | ११५ | ६८ | दुङमाली | १३ |
| १९. | खस | २५८३ | ४४ | उराउँ/कुडुख | ११४ | ६९ | मगही | १२ |
| २०. | राजी | २४३७ | ४५ | छिलिङ | १११ | ७०. | नाछिरिङ | १२ |
| २१. | नेपाल भाषा | १९१६ | ४६ | बोटे | ११० | ७१ | मेचे | ११ |
| २२. | गुरुङ | १५९० | ४७ | मारबाडी | ९३ | ७२ | दनुवार | १० |
| २३. | भोजपुरी | १२६३ | ४८ | अङ्ग्रेजी | ९० | ७३ | भाषा नखुलेको | ४१ |
| २४. | ब्याँसी | १२१५ | ४९ | शेर्पा | ८७ | ७४ | अन्य | ३१६ |
| २५. | भोटे | ९३० | ५० | सुनुवार | ७४ | | | |
| | | | | | | | जम्मा | २६९४७८३ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।*

माथिको तालिकामा सुदूरपश्चिम प्रदेशको मातृभाषा र तिनको वक्ता सङ्ख्या प्रस्तुत गरिएको छ । यस प्रदेशमा २०७८ सालको जनगणनाले ७२ ओटा मातृभाषा पहिचान गरेको छ । साथै भाषा नखुलेका र अन्यसमेतको सङ्ख्याले यसभन्दा थप भाषा देखिन सक्ने सम्भावना समेत खुला रहेको देखएको छ । यस प्रदेशमा एक लाखभन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरूमा नेपाली, डोटेली, थारू, बैतडेली र अछामी गरी पाँच भाषा रहेका छन् । वक्ता सङ्ख्याको आधारमा यी भाषालाई प्रदेशका मुख्य भाषाका रूपमा र अन्य भाषालाई अल्पसङ्ख्यक भाषाका रूपमा लिन सकिन्छ । दश हजारभन्दा बढी र एक लाखभन्दा कम वक्तासङ्ख्या भएका भाषाको सङ्ख्या ६ ओटा र एक हजारभन्दा बढी र दश हजारभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरू १३ ओटा छन् । त्यस्तै एक सयभन्दा बढी र एक हजारभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरू ३२ ओटा र एक सयभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरूको सङ्ख्या २६ ओटा रहेको छ । यस्तै भाषा नखुलेका ४१ जना र अन्य भाषाअन्तर्गत ३१६ जना रहेका छन् । यसरी यस प्रदेशमा प्रचलित धेरै भाषाहरू प्रदेशगत आधारमा मात्र हेर्दा अल्पसङ्ख्यक वर्गमा रहेको देखिन्छ ।

## दोस्रो भाषागत विविधता

नेपालका धेरै मातृभाषिक वक्ताहरूले मातृभाषाका अतिरिक्त दोस्रो भाषाको पनि प्रयोग गर्दछन् । मूलतः नेपाली बाहेकका धेरै मातृभाषिक वक्ताले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् भने । अन्य कतिपय भाषालाई पनि दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । सुदूरपश्चिम प्रदेशमा प्रचलित ५१ भाषाहरूलाई वक्ताले दोस्रो भाषाको रूपमा प्रयोग गरेको देखिन्छ । सुदूरपश्चिम प्रदेशको दोसो भाषिक प्रयोक्तासङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २**

दोस्रो भाषा र तिनका वक्तासङ्ख्या

| क्र.सं | भाषा | प्रयोक्ता | क्र.सं | भाषा | प्रयोक्ता | क्र.सं | भाषा | प्रयोक्ता |
|---|---|---|---|---|---|---|---|---|
| १. | दोस्रो भाषा नभएका | ११३७१६५ | १८. | मैथिली | ५६० | ३५. | जिरेल | ३६ |
| २. | नेपाली | १४९०१५१ | १९. | चाम्लिङ | ४८० | ३६. | साङ्केतिक भाषा | ३१ |
| ३. | डोटेली | १३१४१ | २०. | तामाङ | ४५९ | ३७. | राई | २८ |
| ४. | थारू | १०२३९ | २१. | मारबाडी | ४१७ | ३८. | बज्जिका | २७ |
| ५. | हिन्दी | ६२७३ | २२. | मगर ढुट | ३६८ | ३९. | खाम्ची (राउटे) | २७ |
| ६. | अवधी | ५५६४ | २३. | नेपाल भाषा (नेवारी) | २४४ | ४०. | ल्होपा | २१ |
| ७. | डडेल्धुरी | ५५१६ | २४. | गुरुङ | २४४ | ४१. | गनगाई | २० |
| ८. | अछामी | ५३९२ | २५. | | २१४ | ४२. | दुरा | १७ |
| ९. | बैतडेली | ५०८८ | २६. | अन्य | १७३ | ४३. | ब्याँसी | १६ |
| १०. | दार्चुलेली | ४१८४ | २७. | मगर खाम | १४९ | ४४ | धुलेली | १५ |
| ११. | बझाङ्गी | २३३५ | २८. | भोजपुरी | १४२ | ४५ | पञ्जाबी | १५ |
| १२. | अङ्ग्रेजी | ११११८ | २९. | मेवहाङ | १३१ | ४६ | हायु/बायु | १४ |
| १३. | उर्दू | १००९ | ३०. | संस्कृत | ९५ | ४७ | छिलिङ | १३ |
| १४. | रानाथारू | ८७१ | ३१ | जुम्ली | ८८ | ४८ | राजी | १२ |
| १५. | बाजुरेली | ८६८ | ३२. | बेल्हारे | ५९ | ४९ | बोटे | १२ |
| १६. | साम्पाङ | ८५७ | ३३. | कागते | ५७ | ५० | राजवंशी | ११ |
| १७. | याक्थुङ/लिम्बु | ७६० | ३४. | खस | ४७ | ५१ | पहरी | १० |
| जम्मा २६९४७८३ | | | | | | | | |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०।*

उपर्युक्त तालिकामा सुदूरपश्चिम प्रदेशको दोस्रो भाषाका प्रयोक्ता सङ्ख्या देखाइएको छ। उक्त प्रदेशमा दोस्रो भाषा नभएका वक्ताको सङ्ख्या ११३७१६५ रहेको छ, जुन प्रदेशको कुल जनसङ्ख्याको ४२.२ प्रतिशत हुन आउँछ। त्यस्तै नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने वक्ताको सङ्ख्या १४९०१५१ रहेको

छ । नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्ने वक्ताको सङ्ख्या प्रदेशको कुल जनसङ्ख्याको ५५.३० प्रतिशत रहेको छ । दोस्रो भाषा नभएका र दोस्रो भाषा नेपाली भएका वक्ताको जनसङ्ख्या मात्रै २६२७३२४ (कुल जनसङ्ख्याको ९७.५० प्रतिशत रहेको देखिन्छ । यसबाहेक प्रदेशको कुल जनसङ्ख्याको करिब २.५० प्रतिशत जनसङ्ख्याले मात्रै नेपालीबाहेकका भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ । वक्तासङ्ख्या दश हजारभन्दा बढी र एक लाखभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरू डोटेली र थारू गरी जम्मा दुई ओटा छन् । त्यस्तै वक्तासङ्ख्या एक हजारभन्दा बढी र दश हजारभन्दा कम भएका भाषाहरू ९ ओटा, वक्तासङ्ख्या एक सयभन्दा बढी र एक हजारभन्दा कम भएका भाषाहरू १६ ओटा रहेका छन् । वक्तासङ्ख्या एक सयभन्दा कम भएका भाषाहरू २२ ओटा रहेका छन् । यसले मूलतः नेपाली भाषा मातृभाषा भएका धेरै वक्ताहरूको दोस्रो भाषा नरहेको तथा अन्य भाषाका धेरै वक्ताहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गरेको तथ्य उजागर भएको छ ।

## पुर्खाको भाषागत विविधता

वि.सं. २०७८ को जनगणानाले पहिलोपटक पुर्खाको भाषा पहिचान गरी त्ससँग सम्बन्धित तथ्य सार्वजनिक गरेको छ । यस जनगणनाले प्रस्तुत गरेको तथ्यअनुसार सुदूरपश्चिम प्रदेशमा पुर्खाको भाषाको रूपमा ७४ ओटा भाषाहरू रहेको देखिन्छ । यस प्रदेशमा प्रचलित पुर्खाको भाषा र तिनका वक्तासङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३**

पुर्खाको भाषा र तिनका वक्तासङ्ख्या

| क्र.सं | भाषा | प्रयोक्ता | क्र.सं | भाषा | प्रयोक्ता | क्र.सं | भाषा | प्रयोक्ता |
|---|---|---|---|---|---|---|---|---|
| १. | डोटेली | ५१५९७० | २६. | उर्दू | ११२१ | ५१ | शेर्पा | ९८ |
| २. | बैतडेली | ४०४१६४ | २७. | मुसलमान | ९४४ | ५२ | लोपा | ८२ |
| ३. | थारू | ४०२३६७ | २८. | भोटे | ८५५ | ५३ | भुजेल | ७६ |
| ४. | अछामी | ३७८८७६ | २९. | धुलेली | ७३१ | ५४ | थकाली | ६९ |
| ५. | बझाङी | २०९७०८ | ३०. | राई | ६०२ | ५५ | दुरा | ६४ |
| ६. | नेपाली | १८२०७६ | ३१ | अन्य | ४६२ | ५६ | कोचे | ५६ |
| ७. | दार्चुलेली | १५३२४५ | ३२. | खाम्ची (राउटे) | ४३२ | ५७ | लोहोरुङ | ५४ |
| ८. | बाजुरेली | ११९४२३ | ३३. | कुमाल | ३११ | ५८ | चाम्लिङ | ५४ |
| ९. | रानाथारू | ७८०१२ | ३४. | राजवंशी | २४२ | ५९ | बज्जिका | ४४ |
| १०. | डडेलधुरी | ७४६७२ | ३५. | पहरी | २०४ | ६० | सन्थाली | ४१ |
| ११. | खस | ५११७९ | ३६. | याक्थुङ/लिम्बू | २०० | ६१ | दुङमाली | ३८ |
| १२. | मगर ढुट | २८८७६ | ३७. | माझी | १९१ | ६२ | मेवहाङ | ३० |
| १३. | दैलेखी | २०२६५ | ३८. | सोनाहा | १८५ | ६३ | डुमी | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४. | मगर खाम | १५३६९ | ३९. | मगर काइके | १६८ | ६४ | बोटे | २८ |
| १५. | जुम्ली | ११४८० | ४०. | पहिचान नभएको | १५० | ६५ | बान्तवा | २५ |
| १६. | तामाङ | ९३२८ | ४१. | बङ्ला | १४७ | ६६ | साङ्केतिक भाषा | २४ |
| १७. | हिन्दी | ८११३ | ४२. | मारबाडी | १४३ | ६७ | जेरो/जेरुङ | २३ |
| १८ | मैथिली | ४५३१ | ४३ | पन्जाबी | १३९ | ६८ | थामी | २१ |
| १९. | अवधी | ३४२९ | ४४ | वालिङ/वाहिङ | १३७ | ६९ | गनगाई | २० |
| २०. | नेपाल भाषा (नेवारी) | ३१६५ | ४५ | छिलिङ | १३३ | ७०. | मगही | १९ |
| २१. | गुरुङ | ३०६९ | ४६ | उराब/उराउ | १२२ | ७१ | डोल्पाली | १८ |
| २२. | राजी | २४४५ | ४७ | तिब्बतीयन | ११८ | ७२ | मेचे | १८ |
| २३. | भोजपुरी | १९५५ | ४८ | मुगाली | ११६ | ७३ | नाछिरिङ | १२ |
| २४. | संस्कृत | १९४१ | ४९ | सुनुवार | ११३ | ७४ | बाहिङ/बायुङ | १२ |
| २५. | ब्याँसी | १२९७ | ५० | अङ्ग्रेजी | १०६ | | | |
| जम्मा २६९४७८३ | | | | | | | | |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।*

तालिका ३ मा सुदूरपश्चिम प्रदेशको पुर्खाको भाषाहरू र तिनको वक्ता सङ्ख्यालाई प्रस्तुत गरिएको छ । यस प्रदेशमा प्रचलित कुल ७४ पुर्खाका भाषामध्ये डोटेली, बैतडेली, थारू, अछामी, बझाङी, नेपाली, दार्चुलेली, बाजुरेली भाषालाई पुर्खाको भाषाका रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या एक लाखभन्दा बढी रहेको देखिन्छ । यस्तै वक्तासङ्ख्या एक लाखभन्दा कम र दश हजारभन्दा बढी भएका भाषाहरू सात ओटा, दश हजारभन्दा कम र एक हजारभन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरू ११ ओटा, एक हजारभन्दा कम र एक सयभन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरू २४ ओटा र एक सयभन्दा कम वक्ताहरू रहेका भाषाहरू २४ ओटा रहेका छन् ।

## मातृभाषाको भाषापरिवारगत विविधता

संसारका भाषाहरूका दशओटा परिवारमध्ये नेपालमा चारओटा भाषापरिवारका भाषाका साथै एकल परिवारको भाषा पनि बोलिन्छ । सुदूरपश्चिम प्रदेशमा भारोपेली भाषापरिवार, चिनिँयातिब्बती भाषापरिवार र द्रबिडेली भाषापरिवार गरी तीन ओटा भाषापरिवारका भाषाहरू बोलिन्छन् । यस प्रदेशका भाषाहरूको पारिवारिक विविधतालाई तलल प्रस्तुत गरिएको छ :

**तालिका ४**
भाषापरिवारगत वर्गीकरण

| क्र.सं. | भाषा परिवार | भाषाहरू | भाषा सङ्ख्या | वक्ता सङ्ख्या | वक्ता प्रतिशत |
|---|---|---|---|---|---|
| १. | भारोपेली | नेपाली, डोटेली, थारू, बैतडेली, अछामी, बझाङी, रानाथारू, बाजुरेली, दार्चुलेली, डडेल्धुरी, हिन्दी, मैथिली, दैलेखी, अवधी, जुम्ली, खस, भोजपुरी, संस्कृत, मुसलमान, उर्दू, कुमाल, पहरी, सोनाहा, साङ्केतिक, पञ्जाबी, बङ्ला, माझी, राजवंशी, बोटे, मारबाडी, अङ्ग्रेजी, बज्जिका, गनगाई, मगही र दनुवार । | ३५ | २६४८९८२ | ९८.३००३८ |
| २. | चिनियाँतिब्बती | मगर ढुट, मगर खाम, तामाङ, राजी, नेवारी/नेपाल भाषा, गुरुङ, ब्याँसी, भोटे, धुलेली, राई, खाम्ची/राउटे, मगर काइके, याक्थुङ, तिब्बती, मुगाली, छिलिङ, शेर्पा, सुनुवार, ल्होपा, वाहिङ, दूरा, कोचे, भुजेल, चाम्लिङ, थकाली, मेहवाङ, बेल्हारे, थामी, बान्तवा, दुमी, घले, लोहारुङ, साम्पाङ, दुङमाली, नाछिरिङ र मेचे | ३६ | ४५३३० | १.६८२१३९ |
| ३. | द्रविडेली | उराब/उराउ | १ | ११४ | ०.००४२३ |
| ४. | अन्य | | – | ३१६ | ०.०११७२६ |
| ५. | भाषा नखुलेको | | – | ४१ | ०.००१५२१ |
| | जम्मा | | ७२ | २६९४७८३ | १००.० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।*


मथिको तालिकाले सुदूरपश्चिम प्रदेशको भाषापरिवारगत विविधतालाई प्रस्तुत गरेको छ । सुदूरपश्चिम प्रदेशमा वक्तासङ्ख्याका दृष्टिले भारोपेली भाषापरिवार तथा भाषा सङ्ख्याका दृष्टिले चिनियाँतिब्बती भाषापरिवार प्रथम स्थानमा रहेको देखिन्छ । मूलतः यो प्रदेश भारोपेली भाषापरिवारका वक्ताको बाहुल्य रहेको प्रदेशका रूपमा रहेको देखिएको छ । द्रविडेली भाषापरिवारको एकमात्र भाषा यस प्रदेशमा प्रचलित रहेको देखिन्छ । यसरी नेपालका चार भाषापरिवारमध्ये तीन भाषापरिवारका भाषाहरू सुदूरपश्चिम प्रदेशमा प्रचलित देखिन्छन् । भाषासङ्ख्याका दृष्टिले चिनियातिब्बती भाषापरिवार तथा वक्तासङ्ख्याका दृष्टिले भारोपेली भाषापारिवार अग्रस्थानमा छ ।

## मातृभाषाको जिल्लागत वितरण

सुदूरपश्चिम प्रदेशमा जम्मा नौ ओटा जिल्ला रहेका छन् । कुनै पनि जिल्लाको जनसाङ्ख्यिक, भाषिक, जातीय जस्ता विविध विवरणले अर्को जिल्लासँगको तुलनीय आधारका साथै कुनै जिल्लाभित्रका पालिकाहरूको समग्र अवस्थालाई प्रस्तुत गर्दछ । यस आधारमा यस प्रदेशको भाषिक तथ्याङ्क जिल्लागत विभाजन रूपमा विभाजन गर्नु वाञ्छनीय भएकाले यस प्रदेशका जिल्लागत मातृभाषाको सङ्ख्याको विवरणलाई तुलनात्मक रूपमा अध्ययन गरिएको छ । यस प्रदेशको जिल्लागत भाषिक विविधताको अवस्थालाई तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र १**

मातृभाषाको जिल्लागत वितरण




*राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।*


माथिको चित्रमा सुदूरपश्चिम जिल्लाको जिल्लागत भाषिक विविधताको अवस्थालाई प्रस्तुत गरिएको छ । यस प्रदेशमा रहेका प्रत्येक जिल्लाहरू भाषिक विविधतायुक्त छन् । यस प्रदेशका जिल्लामध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ५४ भाषा प्रचलनमा रहेको देखिन्छ । त्यसपछि दोस्रोमा कञ्चनपुर जिल्लामा ४५ र डोटी जिल्लामा २६ भाषा प्रचलित देखिन्छन् । यस प्रदेशका जिल्लामध्ये सबैभन्दा कम बैतडी जिल्लामा १५ भाषा प्रचलित रहेका छन् । यसपछि बझाङ जिल्लामा २१ र बाजुर जिल्लामा २२ भाषा प्रचलित रहेको पाइन्छ । भाषिक विविधताको यो अवस्था हेर्दा यस प्रदेशका सबै जिल्लामा भाषिक विविधताको स्थिति पाइने अवस्था देखिन्छ । साथै हिमाली र पहाडी प्रदेशका जिल्लामा कम भाषा प्रचलित रहेका र त्यसको तुलनामा तराई प्रदेशमा पर्ने कैलाली र कञ्चनपुर प्रदेशमा बढी भाषा प्रचलनमा रहेको पाइन्छ ।

## मातृभाषाको पालिकागत वितरण

सुदूरपश्चिम प्रदेशमा जम्मा ८८ ओटा पालिका रहेका छन् । यस प्रदेशका सबै पालिकामा एकभन्दा बढी भाषाको प्रयोग भएको पाइन्छ । कम्तीमा एक भाषादेखि बढीमा ३७ भाषा एउटा पालिकामा प्रचलनमा रहेको पाइन्छ । मातृभाषाको पालिकागत विवरणलाई तलको रेखाचित्रमा स्पष्ट पारिएको छ :

**चित्र २**

मातृभाषाको पालिकागत वितरण




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।*

चित्र २ ले सुदूरपश्चिम प्रदेशको मातृभाषाको पालिकागत वितरणलाई प्रस्तुत गरेको छ । यस प्रदेशका पालिकामा सबैभन्दा कम दुईओटा मातृभाषादेखि ३७ ओटा मातृभाषासम्म प्रचलित देखिन्छन् । दुईओटा भाषा बोलिने पालिका एकमात्र छ भने ६ ओटा पालिकामा तीनओटा मातृभाषा बोलिने देखिन्छ । त्यस्तै सबैभन्दा बढी १७ ओटा पालिकामा चार भाषा, १३ पालिकामा पाँच भाषा र १२ पालिकामा छओटा भाषा प्रचलनमा रहेको देखिन्छ । त्यस्तै ११ ओटा पालिकामा २० भन्दा बढी मातृभाषाहरू प्रचलनमा रहेको पाइन्छ । यस आधारमा सुदूरपश्चिम प्रदेशका सबै पालिकाहरू द्विभाषी तथा बहुभाषी रहेकाले भाषा नीति तथा भाषा योजनाका साथै मातृभाषामा शिक्षाको प्रबन्धलगायतका कार्यमा द्विभाषी तथा बहुभाषी नीति अवलम्बन गर्नुपर्ने अवस्था विद्यमान देखिन्छ ।

## निष्कर्ष

सुदूरपश्चिम प्रदेशमा ७२ ओटा भाषा प्रयोगमा रहेको देखिन्छ । उक्त प्रदेशमा एक लाखभन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरूमा नेपाली, डोटेली, थारू, बैतडेली र अछामी गरी पाँच भाषा रहेको पाइएको छ । भने दश हजारभन्दा बढी र एक लाखभन्दा कम वक्तासङ्ख्या भएका भाषाको सङ्ख्या ६ ओटा तथा एक हजारभन्दा बढी र दश हजारभन्दा कम वक्तासङ्ख्या भएका भाषाहरू १३ ओटा रहेका छन् । सुदूरपश्चिम प्रदेशमा प्रचलित ५१ भाषाहरूलाई वक्ताले दोस्रो भाषाको रूपमा प्रयोग गरेको देखिन्छ भने नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने वक्ताको सङ्ख्या १४९०१५१ रहेको निष्कर्ष प्राप्त भएको छ । उक्त प्रदेशमा प्रचलित कुल ७४ पुर्खाका भाषामध्ये डोटेली, बैतडेली, थारू, अछामी, बझाङी, नेपाली, दार्चुलेली, बाजुरेली भाषालाई पुर्खाको भाषाका रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या एक

लाखभन्दा बढी रहेको पाइन्छ ।

सुदूरपश्चिम प्रदेशमा भारोपेली भाषापरिवार, चिनिँयातिब्बती भाषापरिवार र द्रबिडेली भाषापरिवार गरी तीनओटा भाषापरिवारका भाषाहरू प्रयोगमा रहेका छन् । उक्त प्रदेशमा वक्तासङ्ख्याका दृष्टिले भारोपेली भाषापरिवार तथा भाषा सङ्ख्याका दृष्टिले चिनियाँतिब्बती भाषापरिवार प्रथम स्थानमा रहेको देखिन्छ । यस प्रदेश भारोपेली भाषापरिवारका वक्ताको बाहुल्य रहेको छ । उक्त प्रदेशका जिल्लामध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ५४ भाषा प्रचलनमा रहेको देखिन्छ । त्यसपछि दोस्रोमा कञ्चनपुर जिल्लामा ४५ र डोटी जिल्लामा २६ भाषा प्रचलित देखिन्छन् । यस प्रदेशका जिल्लामध्ये सबैभन्दा कम बैतडी जिल्लामा १५ भाषा प्रयोगमा छन् । यसपछि बझाङ जिल्लामा २१ र बाजुर जिल्लामा २२ भाषा प्रचलित छन् । उक्त प्रदेशका पालिकामा सबैभन्दा कम दुईओटादेखि ३७ ओटा मातृभाषासम्म प्रयोगमा छन् । दुईओटा भाषा बोलिने पालिका एकमात्र छ भने छओटा पालिकामा तीनओटा मातृभाषा बोलिने देखिन्छ । भाषाको प्रयोगगत, मातृभाषागत एवम् दोस्रोभाषागत विविधता सबै जिल्ला र पालिकामा रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

## सन्दर्भ ग्रन्थ सूची


राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), *राष्ट्रिय जनगणना,* २०७८, https://censusnepal.cbs.gov.np/results/population

सुदूरपश्चिम प्रदेश सरकार (२०८१), *सुदूरपश्चिम प्रदेशको परिचय,* https://ocmcm.sudurpashchim.gov.np/

नेपाल सरकार (२०७४), *स्थानीय सरकार सञ्चालन ऐन,* २०७४, https://www.lawcommission.gov.np/np/

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* कानुन किताब व्यवस्था समिति, https://www.lawcommission.gov.np/np/

शाही, हर्कबहादुर (२०७०), *अछामी भाषाको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

पण्डित, लक्ष्मीराज (२०६९), *बझाङी नेपालीको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, शोधग्रन्थ नेपाल संस्कृत विश्वविद्यालय ।

पोखरेल, बालकृष्ण (२०३१), *राष्ट्रभाषा,* साझा प्रकाशन ।

तिमिल्सेना, यमनाथ (२०५०), *संख्या र सर्वनामका आधारमा नेपालीका भाषिकाको निर्धारण,* एम.ए. शोधपत्र त्रि.वि. ।

ढुङ्गाना, लावन्यप्रसाद (२०५३), *आधारभूत शब्दावलीका आधारमा नेपालीका भाषिकाको निर्धारण,* एम.ए. शोधपत्र त्रि.वि.।

आचार्य, भागवत (२०५३), *उच्चारणका आधारमा नेपालीका भाषिकाको निर्धारण,* एम.ए. शोधपत्र त्रि.वि.।

पाण्डेय, चुडामणि (२०७२), *बैतडेली भाषाको अध्ययन विद्यावारिधि शोधपाबन्ध,* नेपाल संस्कृत विश्वविद्यालय ।

सुवेदी, शखीशरण (२०५१), *वाक्यतत्वका आधारमा नेपालीका भाषिकाको सर्वेक्षण*, एम.ए. शोधपत्र त्रि.वि.।

पण्डित, लक्ष्मीराज (२०६९), *बझाङी नेपाली भाषाको अध्ययन*, विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय भाटिया, कैलाशचन्द (सन् १९७३), भाषा भूगोल, हिन्दी समिति ।

Blair, F . (1990) . *Survey on a Shoestring : A Manual for Small-Scale Language Surveys* . SIL& University of Texas.

Bergman, T . G . (1990*) . Language assessment criteria*: *Survey reference manual* . Summer Institute of Linguistics.